नेपाल सरकार

शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालय

## पाठ्यक्रमविकास केन्द्र

## थप पाठ्य सामग्रीतथा डिजिटल सामग्रीमूल्याङ्कनसम्बन्धी सूचना

मौजुदाशिक्षा ऐन तथानियमावलीमाउल्लेख भएअनुसार विद्यालयले थप पाठ्य सामग्रीतथा पाठ्य पुस्तकप्रयोग गर्न चाहेमा स्वीकृतिलिनुपर्ने प्रावधानअनुसार शैक्षिकवर्ष २०७७ देखि लागु हुने गरी थप पाठ्य सामग्रीका रूपमा सामग्री स्वीकृत गर्न चाहने प्रकाशकतथा लेखकहरूले निम्नानुसारको समयावधिभित्र स्वीकृतिकालागिआवश्यककागजातसहितनिवेदन पेस गर्न सूचनाप्रकाशनगरिएको छ ।

तपसिलबमोजिमको सेवाशुल्क (राजस्व) राष्ट्रिय वाणिज्य बैङ्क पुरानो ठिमी, भक्तपुरमारहेको राजस्वखातानम्बर क १०००२०००१०००० राजस्वशीर्षक नम्बर १४२२३ र पाठ्यक्रमविकास केन्द्रको कार्यालय कोड नम्बर ३५००२३३०१मा रकमदाखिला गरेको भौचरको सक्कलप्रतिसहितथप पाठ्य सामग्रीतथा डिजिटल सामग्रीयस केन्द्रमा पेस गर्नुपर्ने कुरा जानकारी गराइन्छ ।

**तपसिल**

| क.स. | कक्षा | प्रति सामग्री राजस्व दर रु | प्रति डिजिटल सामग्री राजस्व दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि कक्षा ३ सम्म | १०,०००।- | १०,०००।- | डिजिटल सामग्री पेस गर्दा Link सहितSoft copy र Hard copy (बनेको भए) समेत पेस गर्नुपर्ने |
| २. | कक्षा ४ देखि ८ सम्म | १५,००० ।- | १५,००० ।- | |
| ३ | कक्षा ९ र १० सम्म | १७,००० ।- | १७,००० ।- | |
| ४ | कक्षा ११ र १२ | २०,०००।- | २०,०००।- | |

**सामग्री पेस गर्नुपर्ने समय** :कक्षा १ र डिजिटल सामग्रीकाहकमा २०७६ साल मङ्सिर मसान्तसम्म र अन्य सामग्रीकाहकमा२०७६ सालकात्तिकमसान्तसम्म ।

**मूल्याङ्कनकालागि सामग्री पेस गर्दा अपनाउनुपर्ने विधि र सर्त**

- लेखकवाप्रकाशकले कक्षा १ देखि कक्षा १२ सम्मकाविद्यार्थीको सिकाइ सहजीकरणका लागिकक्षाकोठामा प्रयोग गर्ने उद्देश्यले तयार पारेकामुद्रिततथा डिजिटल सामग्री स्वीकृतिकालागि पेस गर्नुपर्ने छ । निर्धारित पाठ्यक्रम संरचनानुसार तयार नभएकावा पाठ्यक्रमले तोकेभन्दाबाहेक विभिन्नविषयलाई एउटै विषयमा समेटी तयार पारिएका, वा पाठ्यक्रममाउल्लेख नभएकाविषयका सामग्रीएवम् गाइड र गेस पेपर स्वीकृत हुने छैनन् ।
- सामाजिकअध्ययनविषयनेपालीवा नेपालमाउत्पत्तिभएकामातृभाषाकामाध्यमले पठनपाठन गराउनुपर्ने भएकाले कक्षा १ को **हाम्रो सेरोफेरो विषय**को माध्यमभाषापनिसोहीअनुसार हुनुपर्ने छ ।
- विषयवस्तु, अभ्यास, चित्र, लेआउट डिजाइनसहितको पूर्ण स्वरूपका सामग्री(Complete Document)तीनतीनप्रतिकादरले पेस गर्जुपर्ने छ । अपूर्ण स्वरूपका सामग्रीउपर कुनै कारवाहीहुने छैन ।
- सामग्रीमा सामग्रीको नाम, लेखकको नाम र नेपाल सरकारले तोकेको मापदण्डअनुसारको कागजतथा छपाइ गुणस्तर हुनुपर्ने छ ।कागजतथा छपाइ गुणस्तरसम्बन्धीजानकारी यस केन्द्रबाट प्राप्तगर्न सकिने छ ।
- निवेदनसाथ लेखकले लेखन/प्रकाशनकालागिदिइएको स्वीकृति र व्यक्तिगतविवरणसमेत अनिवार्य पेस गर्नुपर्ने छ ।
- आधारभूततहकालागिकम्तीमा स्नातक र माध्यमिकतहकालागिकम्तीमा स्नातकोत्तर तथा शिक्षण/प्रशिक्षण वा अनुसन्धानको क्षेत्रमाकम्तीमापाँचवर्षको अनुभवभएको लेखकहुनुपर्ने छ ।
- सामग्रीप्रकाशनगर्दा केन्द्रको प्रकाशन शैलीअनुसार भाषिकतथा साजसज्जागत सम्पादनगर्नुपर्ने छ ।
- सामग्रीमा लेखकको नाम र शैक्षिक योग्यताबाहेक तस्बिर वाअन्यविवरण राख्नपाइने छैन ।
- व्यक्ति लेखकतथाप्रकाशकभएको हकमाPANमादर्ता भएकाएवम् निजीप्रकाशन गृह भएकाहकमानियमानुसार दर्ता भएको, कर तिरेको र नवीकरणसमेत भएको हुनुपर्ने छ ।
- तोकिएको समयावधिपछि पेस हुनआएका सामग्रीलाई मूल्याङ्कनप्रक्रियामा समावेश गरिने छैन र स्वीकृतिनलिई सामग्रीबिक्रीवितरण गरेको पाइएमानियमानुसार कारबाहीहुने छ ।
- **थपजानकारीकालागि**फोन : ६६३४९१६, ६६३०५८८, वेबसाइट : www. moecdc.gov.np